नेपाल सरकार
उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
जल तथा मौसम विज्ञान विभाग
बाढी पूर्वानुमान महाशाखा

# बाढी पूर्वानुमान बुलेटिन (Flood Forecast Bulletin)

**(जारी मिति: २०७७-०४-१७ गते बिहान ०७ बजे)**

## नदीहरुको हालको अवस्था (Present River Status)

**आज बिहानको मापन अनुसार कन्काई, कोशी, नारायणी, बबई, कर्णाली, कमला, बागमती, पश्चिम राप्ती,महाकाली नदीमा बहाव सामान्य बढ्दो अवस्थामा छ तथा सबैमा बहाव सतर्कता तह भन्दा तलै छ।**

### बाढी पूर्वानुमान (Flood Forecast)

**पूर्वानुमान आज : श्रावण-१७ (शनिबार) ( विहान ७ बजे देखि २४ घण्टा)**

- आज कोशी, कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव बढ्ने तर सतर्कता भन्दा तलै हुने। **आज नारायणी र यसका सहायक नदीमा बहाब उल्लेख्य बढ्ने र सतर्कता तह भन्दा केहि मात्र तल हुने। नारायणीको केहि स-साना सहायक नदीमा बहाव सतर्कता आसपास हुने पुर्वानुमान छ।**
- आज कन्काई,कमला, बागमती, पश्चिम राप्ती, बबई र यसका सहायक नदीमा सामान्य घटबढ हुने र सतर्कता तह भन्दा तलै हुने। आज कन्काई, कमला, बागमती, त्रियुगा, तिनाउ, बबई पश्चिम राप्तीका केहि स-साना नदीमा बहाब उल्लेख्य बढ्ने र केहिमा आकस्मिक बहाव भई सतर्कता पुग्न सक्ने पुर्वानुमान छ।
- आज ईलाम, झापा, मोरङ, सुनसरी, धुनकुटा, खोटाङ, भोजपुर, ओखलढुङ्गा, उदयपुर, सप्तरी, सिराहा,धनुषा,महोत्तरी, सर्लाही,सिन्धुली, मकवानपुर, सिन्धुपाल्चोक, दोलखा, रामेछाप, काभ्रेपलाञ्चोक, नुवाकोट, काठमाण्डौ उपत्यका, गोरखा, धादिङ, लम्जुङ, तनहुँ, स्याङ्जा, कास्की, पर्वत, बागलुङ, म्याग्दी, पाल्पा, , नवलपरासी, चितवन, कपिलवस्तु, रूपन्देही, रुकुम, सुर्खेत, बर्दिया, कैलाली, कञ्चनपुर, डडेलधुरा, बैतडी, डोटी र आसपास भई बहने साना नदीमा बहाव बढ्ने तर केहि साना नदीमा आकस्मिक बहाव भई सतर्कता आसपास पनि पुग्न सक्ने पूर्वानुमान रहेको छ।

**पूर्वानुमान भोलि: श्रावण-१८ (आईतबार) ( विहान ७ बजे देखि २४ घण्टा)**

- भोली कोशी, कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव केहि घट्ने तथा सतर्कता तह भन्दा तलै हुने। नारायणी र यसका सहायक नदीमा बहाब सामान्य बढ्ने तथा सतर्कता भन्दा तलै हुने।
- भोलि कन्काई, कमला, बागमती,पश्चिम राप्ती, बबईमा केहि घटबढ हुने तथा सबैमा बहाव सतर्कता भन्दा तलै हुने। भोलि
- भोलि प्रदेश १, बागमती, गण्डकी प्रदेश, प्रदेश ५ र सुदूरपश्चिम प्रदेशको मध्यपहाडी, चुरे र तराईबाट बहने केहि स-साना नदीमा बहाव बढ्ने तर सतर्कता तह भन्दा तलै हुने पूर्वानुमान छ।

**पूर्वानुमान पर्सी : श्रावण-१९ (सोमबार) (विहान ७ बजे देखि २४ घण्टा)**

- पर्सी कोशी,नारायणी,कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव केहि घट्ने तथा सबैमा बहाव सतर्कता भन्दा तलै हुने।
- पर्सी कन्काई, कमला,बागमती, पश्चिम राप्ती,बबई र यसका सहायक नदीमा बहाव केहि घटबढ हुने र सबैमा सतर्कता तलै हुने।
- पर्सी गण्डकी प्रदेश,प्रदेश ५ र सुदूरपश्चिम प्रदेशको मध्यपहाडी, चुरे र तराई भई बहने साना नदीमा बहाव केहि बढ्ने तर सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ।

### सरोकारवालाका लागि परामर्श (Advisory):

- आगामी ३ दिन कोशी, कर्णाली र महाकाली र यसका सहायक नदीमा बहाव सतर्कता तह भन्दा तलै हुने पूर्वानुमान रहेकाले नदीतटिय क्षेत्रका कृयाकलाप उच्च सतर्कता साथ गर्न सकिनेछ। **आज नारायणी र यसका सहायक नदीमा बहाब उल्लेख्य बढ्ने र सतर्कता तह भन्दा केहि मात्र तल हुने पूर्वानुमान रहेकाले तटिय क्षेत्रमा सतर्कता अपनाऔ।**
- आगामी ३ दिन कन्काई, कमला, बागमती, बबई, पश्चिम राप्तीमा बहाव सतर्कता तलै हुने पूर्वानुमान रहेपनि आज कन्काई, कमला, बागमती, त्रियुगा,तिनाउका केहि साना सहायक नदीमा बहाव एक्कासी बढ्न सक्ने पूर्वानुमान रहेकाले तटिय क्षेत्रका कृयाकलाप सतर्कता साथ गरौ।
- आज ईलाम, झापा, मोरङ, सुनसरी, धुनकुटा, खोटाङ,भोजपुर, ओखलढुङ्गा, उदयपुर, सप्तरी, सिराहा,धनुषा,महोत्तरी, सर्लाही,सिन्धुली, मकवानपुर, सिन्धुपाल्चोक, दोलखा, रामेछाप, काभ्रेपलाञ्चोक, नुवाकोट, काठमाण्डौ उपत्यका, गोरखा, धादिङ, लम्जुङ, तनहुँ, स्याङ्जा, कास्की, पर्वत, बागलुङ, म्याग्दी, पाल्पा, , नवलपरासी, चितवन, कपिलवस्तु, रूपन्देही, रुकुम, सुर्खेत, बर्दिया, कैलाली, कञ्चनपुर, डडेलधुरा, बैतडी, डोटी र आसपास भई बहने साना नदीमा बहाव बढ्ने तर केहि साना नदीमा आकस्मिक बहाव भई सतर्कता आसपास पनि पुग्न सक्ने पूर्वानुमान रहेकोले उक्त जिल्लाको साना नदीतटिय क्षेत्रमा सामान्य सतर्कता अपनाईराखौ।

(*बाढी पूर्वानुमान वुलेटिन यस विभागको वेवसाइट मा समेत हेर्न सकिने छ)* विभागको फेसबुकपेज *Nepal Flood Alert* (नेपाल बाढी सुचना) हेरौं। विभागको ट्विटर पेजः *Nepal Flood Alert* (नेपाल बाढी सूचना) हेरौं।

नोट: पहेलो रङ्ले मध्यम जोखिम रहेको संकेत गर्छ। रातो रङ्ले उच्च जोखिमको संकेत गर्छ।

नेपाल सरकार
उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
**जल तथा मौसम विज्ञान विभाग**
**बाढी पूर्वानुमान महाशाखा**

# *Forecast References:*

1) *Real Time Ground Observation System for Rainfall (around 120 stations) and Water levels(Around 85 Stations) under Flood Forecasting Section, DHM*

   http://hydrology.gov.np/#/river_watch?_k=6oxgcv

   http://hydrology.gov.np/#/rainfall_watch?_k=407hry
2) *MFD Rainfall Forecast*

जल तथा मौसम विज्ञान विभाग
**मौसम पूर्वानुमान बुलेटिन (Weather Forecast Bulletin)**
(जारी मितिः २०७७-०४-१७, बिहान ०६:०० बजे)

**मौसम विश्लेषण (Meteorological Analysis):-**
देशभर मनसुनी वायुको प्रभाव रहेको छ। नेपालको पूर्वी तराई भू-भाग नजिक मनसुनी न्यून चापीय रेखा अवस्थित छ ।

**हालको मौसमको अवस्था (Present Weather Status):**
देशभर सामान्य बदली रही प्रदेश १, बागमति प्रदेश, गण्डकी प्रदेशका केही स्थानहरु र बाकी प्रदेशका थोरै स्थानहरुमा हल्का देखि मध्यम वर्षा भइरहेको छ।

**आगामी तीन दिनको मौसम पूर्वानुमान**
**साउन १७ गते (शनिबार)**

**दिउँसो:** देशका अधिकांश स्थानमा सामान्य बदली रही धेरै स्थानहरुमा हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ। प्रदेश १, प्रदेश २, गण्डकी प्रदेश, प्रदेश ५ र सुदुरपश्चिम प्रदेशका एक वा दुई स्थानहरुमा भारी वर्षाको सम्भावना रहेको छ।

राती : देशभर सामान्य बदली रही धेरै स्थानहरुमा हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ भने प्रदेश १, प्रदेश २, गण्डकी प्रदेश, प्रदेश ५ र सुदुरपश्चिम प्रदेश का एक वा दुई स्थानहरुमा भारी वर्षाको सम्भावना रहेको छ।

**साउन १८ गते (आइतबार)**

**दिउँसो:** देशभर सामान्य बदली रही धेरै स्थानहरुमा हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ। बागमती प्रदेश, गण्डकी प्रदेश र कर्णालि प्रदेशका एक वा दुई स्थानहरुमा भारी वर्षाको सम्भावना रहेको छ।

राती : देशभर सामान्य बदली रही धेरै स्थानहरुमा हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ। प्रदेश १, प्रदेश २, प्रदेश ५ र सुदुरपश्चिम प्रदेश र कर्णालि प्रदेशका एक वा दुई स्थानहरुमा भारी वर्षाको सम्भावना रहेको छ।

**साउन १९ गते (सोमबार)**

**दिउँसो:** देशभर सामान्य बदली रही धेरै स्थानहरुमा हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ। प्रदेश २, कर्णालि प्रदेश , प्रदेश ५ र सुदुरपश्चिम प्रदेश एक वा दुई स्थानहरुमा भारी वर्षाको सम्भावना रहेको छ।

राती : देशभर सामान्य बदली रही धेरै स्थानहरुमा हल्का देखि मध्यम वर्षाको सम्भावना रहेको छ। गण्डकी प्रदेश , प्रदेश ५ , कर्णालि प्रदेश र सुदुरपश्चिम प्रदेश एक वा दुई स्थानहरुमा भारी वर्षाको सम्भावना रहेको छ।

**आगामी २४ घण्टाका लागि चेतावनी तथा परामर्श (Warning/Advisory for next 24 hours):**


देशका धेरै स्थानहरुमा हल्का देखि **मध्यम** वर्षाको सम्भावना रहेको छ भने प्रदेश १, प्रदेश २ ,गण्डकी प्रदेश, सुदुरपश्चिम प्रदेश, प्रदेश ५ का एक वा दुई स्थानहरुमा भारी वर्षाको सम्भावना रहेको छ। ती स्थानहरुका नदीमा पानीको बहाव बढ्ने, पहाडी क्षेत्रमा भू-क्षय हुने, पहिरो जाने, सडक तथा हवाई यातायात प्रभावित हुने तथा ढल/पानीको राम्रो निकास नभएको ठाउँमा डुबान समेत हुन सक्ने भएकोले आवश्यक सतर्कता अपनाउन हुन अनुरोध छ ।

3) *RIMES Rainfall Forecast*
4) *NCMWRF Rainfall Product*

   *24 Hour Rainfall Forecast Today (9am to 9 am)*

   *24 Hour Rainfall Forecast Tomorrow (9am to 9 am)*
5) *Flood Forecast-Karnali, Babai and Narayani Basin (HEC-HMS Model)*
6) *Flood Forecast –Bagmati, Koshi and West Rapti (MIKE-11, NAM)*
7) *Probabilistic Forecast for short lead time in major river system(Based on real time observation)*
8) *GLOFAS forecast*
9) *Tethys Forecasting Platform( Stream Flow Prediction Tool and HIWAT tool for Nepal ( 7 days forecast for small rivers)*
10) *Regional Floodoutlook –Ganges-Brahmaputra Basin*
11) *SouthAsia Flash Flood Guidance System (Nepal)*

नेपाल सरकार
उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
जल तथा मौसम विज्ञान विभाग
बाढी पूर्वानुमान महाशाखा




*२४ घण्टाको बर्षाको पूर्वानुमान (६-६ बजे)*

*12) Other Global Flood Forecasts*

*13) Satellite Cloud Picture*

*14) Etc…*

## थप जानकारीको लागि

- जल तथा मौसम विज्ञान विभागले हरेक दिन विहान ७ बजे तीन दिन पछि सम्मको बाढीको पूर्वानुमान गरी बाढी बुलेटिन जारी गर्दै आएको छ। उक्त बुलेटिन हेर्नको लागि विभागको वेवसाइट: लग अन गरी हेर्नसक्नुहुनेछ।
- तपाईलाई देशको कुन ठाउंमा कती वर्षा भैरहेको छ? तत्काल खतरा भन्दा माथिल्लो वर्षा भईरहेको छ वा छैन भन्ने जान्नका लागि विभागको वेवसाइट www.hydrology.gov.np मा गई Rainfall Watch बटन थिच्नुहोला।
- त्यस्तै, कुन नदीमा कती मिटर बाढी छ? बढ्दो छ कि घट्दो होला? खतरा होलाकी नहोला भन्ने जान्न चाहीं सोही वेवसाइटमै गई River Watch बटन थिच्नुहोस।
- जारी भएको बाढी बुलेटिन वा बाढी संग संबन्धीत हरेक पूर्वसूचना यस विभागको आधिकारिक ट्विटर : Nepal Flood Alert (नेपाल बाढी सूचना) र फेसबुक: Nepal Flood Alert (नेपाल बाढी सूचना) मा पनि हेर्नसक्नुहुनेछ।
- बाढी सतर्कता तह नजिक पुग्न लागेमा, सतर्कता तह पार गरेमा, खतरा तह पार गरेमा वा अन्य विषम अवस्थामा देशका मुख्य नदी जलाधारहरुमा नेपाल टेलिकम र एनसेल मार्फत बाढी बाट प्रभावित हुने सर्वसाधारणहरुलाई मोवाइलमा एस एम एस पठाइने छ।
- देशैभरका सर्वसाधारणको लागि ११५५ नंवरको टोल-फ्रि सेवा बाढी पूर्वसूचना प्रदान गर्ने उद्देश्यले मनसुनभर सञ्चालन गरिएको छ। जोकोहीले ११५५ डायल गरेर बाढी संबन्धि पूर्वसूचना लिन सक्नुहुनेछ।